# केराबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**केराबारी, मोरङ**

**प्रदेश नं. १, नेपाल**

**प.सं.०७७/०७८**

**च.नं.** २३५४

मिति : २०७७।१२।२२

**श्री सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयहरू सबै,**
**केराबारी गाउँपालिका, मोरङ ।**

**विषय : राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्बन्धमा ।**

प्रस्तुत विषयमा केराबारी गाउँपालिका स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको मिति २०७७।१२।२२ गतेको बैठकको निर्णय अनुसार स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता-२०७७ को पूर्व निर्धारित कार्यक्रममा केहि हेरफेर भएकोले तपसिल बमोजिम गर्नु गराउनुहुन अनुरोध छ ।

१. **प्रतियोगताका सञ्चालन हुने मिति** : २०७७।१२।२७ र २८ गते
२. **स्थान** : श्री मच्छिन्द्र मा.वि.को खेल मैदान
३. **आयोजना हुने खेलहरू :**
   (क) **भलिबल (छात्र/छात्रा)**
   (ग) **एथ्लेटिक्स :**
      (अ) **दौड (ट्र्याक तर्फ)** : १०० मि., २०० मि., ४०० मि., ८०० मि., १५०० मि., ३००० मि., ४× १०० मि. रिले ४× ४०० मि. रिले दौड **(छात्र/छात्रा)**
      (आ) **उफ्रने र फ्याँक्ने (फिल्ड तर्फ) :**
      **छात्र** : ज्याभलिङ थ्रो ८०० ग्राम, सटफुट १२ पाउण्ड
      **छात्रा** : ज्याभलिङ थ्रो ६०० ग्राम, सटफुट ८ पाउण्ड
४. चालु शैक्षिक सत्रमा १८ वर्षभन्दा मुनिका कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत र २०७७ फागुन मसान्त सम्म विद्यालयको IEMIS विवरणमा समावेश भएका विद्यार्थीहरु मात्र प्रतियोगितामा सहभागि हुन पाउने छन् । प्रतियोगितामा सहभागि हुने विद्यार्थीको हकमा विद्यालयले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन निर्देशिका, २०७० (संशोधन सहित) को **अनुसूची १** बमोजिमको फारम भरी जन्ममिति प्रमाणित हुने कक्षा ८ को प्रमाणपत्र वा नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी अनिवार्य संलग्न राखी मिति २०७७।१२।२५ गते भित्रमा सचिवालयमा दर्ता गराइसक्नुपर्नेछ । सचिवालय श्री मच्छिन्द्र मावि, केराबारी-८ मा रहनेछ ।
५. एथ्लेटिक्स तर्फ प्रत्येक खेलाडीले बढीमा एक फिल्ड दुई ट्र्याक वा दुई फिल्ड एक ट्र्याकमा भाग लिन पाउने छन् ।
६. भलिबल खेलतर्फ बढीमा ९/९ जना खेलाडी छात्र/छात्राहरू पठाउन सकिनेछ ।
७. विद्यालयले प्रतियोगितामा सहभागी हुने विद्यार्थीहरुको व्यवस्थापन आफैंले गर्नुपर्नेछ ।
८. विद्यालयहरुले विद्यालयको ब्यानर सहित विद्यार्थीहरुलाई विद्यालय पोशाकमा सहभागि गराउनुपर्नेछ ।

**अन्य जानकारीका लागि www.moys.gov.np log in गरी निर्देशिका अध्ययन गर्न सकिने छ । साथै फोन नम्बर ९८५२०३८१०१, ९८४२२९९२५४, ९८४२१३७७११ र ९८४१९०८४३३ मा सम्पर्क गर्न सकिनेछ ।**

अर्जुन घिमिरे
अधिकृतस्तर सातौं